23 April 2024

National News

मुख्य समाचार

- राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु उत्तराखण्डको दुईदिने भ्रमणमा
- दोस्रो चरणको लोकसभा चुनाउका लागि प्रचार अभियान चरममा
- QS विश्व ऱ्याङ्किङमा भारतको प्रदर्शनलाई प्रधानमन्त्रीले बताउनुभयो उत्साहजनक
- कंग्रेसले तुष्टिकरणको राजनीति गरिरहेको श्री अमीत शाहको आरोप
- आईपीएलमा अहिले चेन्नई र लखनउको भिडन्त हुँदै

राष्ट्रपति उत्तराखण्ड

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु आजदेखि उत्तराखण्डको दुईदिने भ्रमणमा हुनुहुन्छ। उहाँले आज अखिल भारतीय आयुर्विज्ञान संस्थान-एम्स ऋषिकेशको चौथो दीक्षान्त समारोहमा सहभागी जनाउनु भयो। उहाँले आज नै ऋषिकेशस्थित परमार्थ आश्रमका प्रतिनिधिसँग भेटघाट गर्न साथै गंगा आरतीमा पनि सहभागी जनाउनुभयो ।

भोलि राष्ट्रपतिले इन्दिरा गांधी राष्ट्रीय वन अकादेमी, देहरादूनमा भारतीय वन सेवा 2022 ब्याचका प्रशिक्षित अधिकारीहरूको दीक्षान्त समारोहमा सहभागिता जनाउने कार्यक्रम रहेको छ।

लोकसभा चुनाउ प्रचार

लोकसभा चुनाउको दोस्रो चरणको प्रचार प्रसार चरममा पुगेको छ। राजनीतिक दलका शीर्ष नेताहरुले, जनसभा, ऱ्याली र रोड शो गरिरहेका छन् । शुक्रबार १३ राज्यका नवासी लोकसभा सीटका लागि मतदान हुँदैछ। यसमा केरलमा 20, कर्नाटकमा 14, राजस्थानमा 13, उत्तर प्रदेश र महाराष्ट्रमा आठ-आठ, मध्य प्रदेशमा सात, असम र बिहारमा पाँच-पाँच, पश्चिम बंगाल र छत्तीसगढमा तीन-तीन, त्रिपुरा अनि जम्मू कश्मीरमा एक-एक सिटका लागि मतदान हुनेछ। दोस्रो चरणका लागि प्रचार अभियान भोलि समाप्त हुनेछ।

प्रधानमन्त्री एवम् भारतीय जनता पार्टी भाजपाका वरिष्ठ नेता श्री नरेन्द्र मोदीले आज राजस्थानको टोङ्क-सवाई माधोपुर लोकसभा क्षेत्रको उनियारामा चुनावी जनसभालाई सम्बोधन गर्नुभयो। उहाँले भन्नुभयो, बितेको 10 वर्षमा सबैले एउटा स्थिर अनि बलियो सरकारको प्रदर्शन अनि उपलब्धीहरू देखेका छन्। श्री मोदीले यस अवधिमा देशले धेरै महत्वपूर्ण निर्णय गरेको बताउनु भयो। यस अवसरमा प्रधानमन्त्रीले मतदाताहरूलाई मतदान गरेर लोकतन्त्रलाई बलियो बनाउन अपील गर्नुभयो।

दोस्रो चरणमा उत्तर प्रदेशका आठ लोकसभा सीटका लागि मतदान हुनेछ। केन्द्रीय मन्त्री एवम् भाजपा नेता श्री राजनाथ सिंहले आज गौतमबुद्ध नगर जिल्लामा प्रचार गर्नुभयो। पश्चिमी उत्तर प्रदेशमा चुनाउ प्रचार चरममा पुगेको छ। मेरठ शहर प्रचार अभियानको मुख्य केन्द्र बनेको छ। राज्यका तीन ठूला राजनीतिक पार्टीका शीर्ष नेताहरूले आज मेरठमा जनसभा गरेका छन्। समाजवादी पार्टी प्रमुख श्री अखिलेश यादव, बहुजन समाज पार्टी प्रमुख सुश्री मायावती अनि उत्तर प्रदेशका मुख्यमन्त्री एवम् भाजपाका वरिष्ठ नेता योगी आदित्यनाथले मेरठमा जनसभा र रोड शो गर्नुभएको छ।

केरलमा पनि सबै प्रमुख राजनीतिक दलका नेता प्रचार कार्यमा व्यस्त छन्। गृह मन्त्री एवम् भाजपा नेता श्री अमित शाह आज केरलको कोच्ची पुग्नु हुनेछ। उहाँले भोलि एनडीए उम्मीदवारहरूको समर्थनमा आलपुरा अनि इडुकी निर्वाचन क्षेत्रमा जनसभालाई सम्बोधन गर्नु हुनेछ। कंग्रेस अध्यक्ष श्री मल्लिकार्जुन खड्गेले आज चेङ्गन्नूर अनि वायनाडमा यूनाइटेड डेमोक्रेटिक फ्रण्टका लागि प्रचार गर्नुभयो।

केन्द्रीय मन्त्री अनि वरिष्ठ भाजपा नेता श्री अमित शाहले आज बेलुकी बेंगलुरुमा एउटा रोड शोमा सहभागिता जनाउनुभयो। कंग्रेस महासचिव श्रीमती प्रियंका गान्धी वाड्राले चित्रदुर्ग अनि बेंगलुरु दक्षिण संसदीय क्षेत्रमा चुनावी जनसभालाई सम्बोधन गर्नुभयो।

## लोकसभा चुनाउ चौथो चरण

लोकसभा चुनाउको चौथो चरणका लागि नामाङ्कन पत्र बुझाउने अन्तिम मिति 25 तारीख रहेको छ। 26 तारिक नामाङ्कन पत्रहरूको जाँच हुनेछ भने 29 तारीख नाम फिर्ता लिने अन्तिम दिन रहेको छ। चौथो चरणको मतदान मई 13 तारीख सम्पन्न हुनेछ। 10 राज्य अनि केन्द्र शासित प्रदेशहरूका कुल 96 लोकसभा सीटका लागि चौथो चरणमा मतदान हुनेछ। जसमा उत्तर प्रदेश, मध्य प्रदेश, महाराष्ट्र, बिहार, झारखण्ड, ओडिशा, पश्चिम बंगाल, आन्ध्र प्रदेश, तेलङ्गाना तथा जम्मू कश्मीर सामेल छन्।

## प्रधानमन्त्री QS

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले उच्च शिक्षामा क्वाक्वारेली साइमोन्डस् QS विश्व वरीयतामा भारतको प्रदर्शनलाई उत्साहजनक बताउनुभएको छ। श्री मोदीले भन्नुभएको छ, गुणस्तरीय शिक्षामा ध्यान केन्द्रित हुँदा भविष्यमा भारतको युवा शक्तिलाई लाभ हुनेछ। सरकारले अनुसन्धान, अध्ययन र नवप्रवर्तनमा व्यापक रूपमा ध्यान दिएको प्रधानमन्त्रीले बताउनुभएको छ।

प्रधानमन्त्री श्री मोदीले क्यूएसका मुख्य कार्यकारी अधिकारी नुन्जियो क्वाक्वारेलीसित पनि भेट गर्नुभयो। श्री क्वाक्वारेलीले आगामी केही हप्तामा क्यूएसले भारतीय उच्च शिक्षा व्यवस्थासित

विषयवार क्यूएसको अन्तरराष्ट्रीय विश्वविद्यालयको नवीनतम ऱ्याङ्किङका केही परिणाम साझा गर्ने घोषणा गर्नुभएको छ।
उहाँले सबै जी-20 राष्ट्रहरूमध्ये यस वर्ष भारतीय विश्वविद्यालयहरूले आफ्नो प्रदर्शनमा श्रेष्ठ सुधारको परिचय दिएको बताउनु भएको छ। भारतका विश्वविद्यालय विश्वमा आफ्नो पहिचान बनाउँदै अनुसन्धान केन्द्रहरूमा सामेल भएका छन्।

अमित शाह-चिदम्बरम्

केन्द्रीय गृह मन्त्री एवम् भाजपाका वरिष्ठ नेता श्री अमित शाहले कंग्रेस नेता श्री पी. चिदम्बरमको त्यस बयानको निन्दा गर्नुभएको छ, जसमा श्री चिदम्बरम्ले यदि आई.एन.डी.आई. गठबन्धन सरकारमा आएको खण्डमा नागरिका संसोधन कानुन सीएए रद्द हुनेछ भन्नुभएको थियो ।
श्री शाहले नयाँ दिल्लीमा एउटा समाचार एजेन्सीसितको कुराकानीमा भन्नुभयो, कंग्रेसले चुनाउ जीत्नका लागि तुष्टिकरणको राजनीति गरिरहेको छ। श्री शाहले भन्नुभयो, एनडीए सरकार सबैलाई न्याय दिनका लागि प्रतिबद्ध छ अनि सीएएलाई कहिले पनि रद्द गरिनेछैन।
श्री शाहले भन्नुभयो, समयमा न्याय प्रदान गर्ने उद्देश्यले ल्याइएको तीन आपराधिक कानूनलाई पनि निर्धारित तिथिमा लागू गरिनेछ।

विदेश मन्त्रालय- पोर्तुगाली नागरिकता

विदेश मन्त्रालयले एउटा महत्वपूर्ण घटनाक्रममा पासपोर्ट कार्यालयहरूलाई गोवा, दमन अनि दीवका ती निवासीहरूलाई निरस्तीकरणको आदेश जारी गर्ने निर्देश दिएको छ, जसमा पुर्तगाली नागरिकता प्राप्त गरेपछि भारतीय पासपोर्ट रद्द गरिएको थियो।
गृह मन्त्रालयले अबउसो भारतको पूर्ववर्ती पुर्तगाली क्षेत्र- गोवा, दमन अनि दीवका भारतीय नागरिकहरूको मामिलामा जमा गरिएका प्रमाण पत्रको स्थानमा वैकल्पिक दस्तावेजका रूपमा निरसन प्रमाण-पत्र स्वीकार गर्ने निर्णय लिएको छ। यी ती मानिस हुन् जसले पुर्तगाली राष्ट्रीयता कानून अनुसार पुर्तगाली नागरिकता ग्रहण गरेका थिए।
गोवाका मुख्यमन्त्री श्री प्रमोद सावन्तले भन्नुभएको छ, भारतीय विदेशी नागरिकता कार्ड प्राप्त गर्नका लागि बुझाइएका प्रमाण पत्रको साटो निरसन प्रमाण पत्रमा विदेश मन्त्रालयको परिपत्र एउटा वैध दस्तावेज हुनेछ। यसबाट हजारौं गोवावासीलाई राहत प्राप्त हुने उहाँले बताउनु भयो।

आधार बैंकिङ

केन्द्र सरकारले आधार बैंकिङमा महिनामा कम्तीमा एक पटक पैसा लेनदेन गर्न अनिवार्य गरिएको दाबीलाई अस्वीकार गरेको छ। दाबीहरूलाई झुटो भन्दै, पत्र सूचना कार्यालय-पीआईबीको तथ्य जाँच इकाईले भारतीय रिजर्व बैंकको नयाँ अपडेटले मानिसहरूलाई प्रत्येक महिना आधार मार्फत पैसा लेनदेन गर्न अनिवार्य गरेको छ भन्ने कुरोलाई अस्वीकार गरेको छ। यसले भनेको छ, त्यसो गर्न नसकेकोमा ग्राहकको आधार लेनदेन सुविधा दाबी गरिए अनुसार लक हुने छैन।

PIB ले स्पष्ट गर्दै भनेको छ, खाता धारकहरूलाई सेवाहरू सक्रिय राख्न प्रत्येक महिना अनिवार्य लेनदेन गर्न कुनै दिशानिर्देश जारी गरिएको छैन।

हनुमान जयन्ती

आज देशमा हनुमान जयन्ती भक्तिभावसहित पालन गरियो। चैत्र मासको पूर्णिमा तिथिलाई भगवान हनुमानको जन्मोत्सवको रूपमा पालन गरिन्छ। यस अवसरमा देशभरिका मठ मन्दिरमा श्रद्धालुहरूले पुजा अर्चना गरी हनुमान जयन्ती भक्तिभावसहित पालन गरे। हनुमान जयन्तीको अवसरमा प्रधानमन्त्री श्री नरेन्द्र मोदीले देशवासीलाई शुभकामना दिनुभएको छ।

आर्चेरी विश्वकप

आर्चेरी विश्वकप २०२४ आजदेखि चीनको सांघाईमा सुरु भएको छ। 28 अप्रेलसम्म चल्ने यो प्रतियोगिता विश्वकपको पहिलो चरण हो।

आइपीएल

आईपीएल क्रिकेटमा अहिले चेन्नई सुपर किंग्स र लखनउ सुपर जाइन्ट्सको खेल शुरु भएको छ। हिजो भएको खेलमा राजस्थान रोयल्सले मुम्बई इन्डियन्सलाई ९ विकेटले पराजित गरेको थियो ।